September 30th, 2024, Monday

प्रमुख समाचार:

1. राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुद्वारा नयाँ दिल्लीस्थित अटल बिहारी वाजपेयी इन्स्टिच्युट अफ मेडिकल साइन्सेस र डा राम मनोहर लोहिया अस्पतालको १०औँ दीक्षान्त समारोहलाई सम्बोधन
2. जमैकाका प्रधानमन्त्री श्री एन्ड्रयू होलनेस भारतको चार दिने भ्रमणका क्रममा नयाँ दिल्लीमा
3. जम्मू कश्मीर विधानसभा चुनावको तेस्रो र अन्तिम चरणको मतदानका लागि सबै तयारी पूरा
4. अनि चर्चित चलचित्र अभिनेता मिथुन चक्रवर्तीलाई दादासाहेब फाल्के पुरस्कारबाट सम्मानित गरिने

1. Prez Convocation

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले आज नयाँ दिल्लीस्थित अटल बिहारी वाजपेयी इन्स्टिच्युट अफ मेडिकल साइन्सेस र डा राम मनोहर लोहिया अस्पतालको १०औँ दीक्षान्त समारोहलाई सम्बोधन गर्नुभयो। सम्बोधनमा उहाँले बिरामीको ज्यान जोगाउन चिकित्सकले सबै उपाय अपनाउँछन् भन्ने कुरा सबैले बुझ्नुपर्छ, यद्यपि कुनै अप्रिय घटना भएमा चिकित्सक वा अस्पतालका कर्मचारीलाई दुर्व्यवहार गर्न नहुने बताउनुभयो। राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले कुनै पनि डाक्टरले आफ्ना बिरामीहरूलाई हानि पुर्‍याउन चाहँदैनन्, तर कहिलेकाँही विज्ञानसँग पनि सबै समाधान हुँदैन भन्नुभयो। यस अवसरमा केन्द्रीय स्वास्थ्य मन्त्री श्री जगत प्रकाश नड्डा र अन्य गणमान्य व्यक्तिहरू पनि उपस्थित हुनुहुन्थ्यो।

2. J & K Election

जम्मू कश्मीर विधानसभा चुनावको तेस्रो र अन्तिम चरणको मतदानका लागि सबै व्यवस्था मिलाइएको छ। यस चरणमा भोलि सात जिल्लाका ४० सिटमा मतदान हुँदैछ। जसमध्ये १६ सिट कश्मीर डिभिजनमा र २४ सिट जम्मु डिभिजनमा छन्। यस चरणमा ४१५ उम्मेदवार प्रतिस्पर्धा गर्दैछन्। भोलि बिहान ७ बजेदेखि बेलुकी ६ बजेसम्म मतदान जारी रहनेछ।

3. Haryana Election

यसैबीच हरियाणाको ९० विधानसभा सिटको चुनावको प्रचारकार्य चरम सीमामा छ। सबै प्रमुख राजनीतिक दलका नेताहरू सार्वजनिक सभाहरू गरिरहेका छन्। अक्टोबर ५ मा राज्यमा एउटै चरणमा मतदान हुनेछ। जम्मू-कश्मीर र हरियाणामा हुन लागेको निर्वाचनको मतगणना अक्टोबर ८ मा हुनेछ।

4. Mumbai - Sonowal

केन्द्रीय बन्दरगाह, जहाज र जलमार्ग मन्त्री सर्वानन्द सोनोवालले आज मुम्बई बन्दरगाहबाट क्रूज इन्डिया मिशनको शुभारम्भ गर्नुभयो। सो अवसरमा राज्यमन्त्री श्री  शान्तनु ठाकुर पनि उपस्थित हुनुहुन्थ्यो। क्रूज इण्डिया मिशनले क्रूज पर्यटनको लागि विश्वव्यापी केन्द्र बन्ने भारतको परिकल्पनालाई साकार पार्ने लक्ष्य राखेको छ।

5. Mumbai – Jadhav

केन्द्रीय आयुष राज्यमन्त्री श्री प्रतापराव जाधवले भारतको स्वास्थ्य पर्यटन शारीरिक स्वास्थ्यमा मात्र नभई आध्यात्मिक र मानसिक स्वास्थ्यमा पनि केन्द्रित रहेको बताउनुभएको छ। आज मुम्बईमा आयुष मेडिकल भ्यालु ट्राभल समिटको उद्घाटनमा बोल्दै उहाँले प्रत्येक वर्ष हजारौं विदेशी आयुर्वेदिक उपचारका लागि भारत आउने गरेको बताउनुभयो। यो शिखर सम्मेलन आयुष मन्त्रालयले महाराष्ट्र सरकारसँगको सहकार्यमा आयोजना गरेको हो।

6. Jamaica PM India Visit

जमैकाका प्रधानमन्त्री श्री एन्ड्रयु होलनेस भारतको चार दिने भ्रमणका लागि आज नयाँ दिल्ली आइपुग्नुभएको छ। डा होलनेसले भोलि प्रधानमन्त्री श्री नरेन्द्र मोदीसँग प्रतिनिधिमण्डलस्तरीय वार्ता गर्नु हुनेछ। उहाँले राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु र उपराष्ट्रपति श्री जगदीप धनखरसँग भेट गर्नु हुनेछ। उहाँको भ्रमणका क्रममा भारत र जमैकाबीचको द्विपक्षीय सम्बन्धलाई थप मजबुत बनाउने विभिन्न समझदारीपत्रमा हस्ताक्षर हुने अपेक्षा गरिएको छ।

समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ....

7. Jaishankar – Washington DC

विदेशमन्त्री श्री सुब्रह्मण्यम जयशंकरले भोलि वासिङ्टन डीसीमा अमेरिकी विदेशमन्त्री श्री एन्टोनी ब्लिन्केनसँग भेट गर्नु हुनेछ। भेटघाटका क्रममा युक्रेन युद्ध र मध्यपूर्व संकटलगायत विश्वव्यापी र द्विपक्षीय मुद्दाहरूमा विस्तृत छलफल गर्ने अपेक्षा गरिएको छ।

8. Jharkhand – Anganwadi

झारखण्डका गभर्नर श्री सन्तोष कुमार गंगवार र केन्द्रीय महिला तथा बाल विकास मन्त्री अन्नपूर्णा देवीले आज राँचीमा देशभरका ११ हजार सक्षम आंगनवाडी केन्द्रहरूको औपचारिक रूपमा उद्घाटन गर्नुभयो। राँचीमा राष्ट्रव्यापी 'राष्ट्रिय पोषण महिना' को सातौं संस्करणको समापन समारोहलाई सम्बोधन गर्दै, केन्द्रीय मन्त्री अन्नपूर्णा देवीले पोषण महिनाको उद्देश्य एनिमिया जागरूकता, 'पोषण भी पढाइ भी', प्रविधिमा आधारित पहलहरूमा थप ध्यान दिनु रहेको बताउनुभयो।

9. Mizoram – Indra Sena Reddy Nallu

त्रिपुराका राज्यपाल श्री इन्द्र सेना रेड्डी नल्लुलाई मिजोरमको राज्यपालको अतिरिक्त कार्यभार दिइएको छ। उहाँले मिजोरमको राजधानी आइजवलस्थित राजभवनमा आज मिजोरमको राज्यपालको सपथ ग्रहण गर्नुभयो।

10. IAF Chief

भारतीय वायुसेनाको नयाँ प्रमुखको रुपमा एयर मार्शल अमर प्रीत सिंहले आज पदभार ग्रहण गर्नुभएको छ। यसअघि उहाँले २०२३ फेब्रुअरीदेखि वायुसेनाको उपप्रमुखको रूपमा काम गर्नुभएको थियो। एयर मार्शल श्री अमर प्रीत सिंहलाई डिसेम्बर १९८४ मा भारतीय वायुसेनाको लडाकु पाइलटहरूमा खटाइएको थियो। करिब ४० वर्षको लामो र विशिष्ट सेवाको अवधिमा उहाँ विभिन्न कमाण्ड र स्टाफमा नियुक्त हुनुभएको छ।

11. Bihar Flood

बिहारमा बाढीको अवस्थालाई ध्यानमा राख्दै राँची र वाराणसीबाट राष्ट्रिय विपद् प्रतिक्रिया बलको छवटा थप टोली ल्याइएको छ। बाढी प्रभावित क्षेत्रमा पहिले देखि नै रहेका राष्ट्रिय प्रकोप उद्धार बलको १२ टोली र राज्य विपद् व्यवस्थापन बलको २२ टोलीमा यी थप टोलीहरू समावेश गरिएको हाम्रा संवाददाताले जानकारी दिएका छन्।

12. Nepal Flood

यसैबीच नेपालमा अविरल वर्षाका कारण जनजीवन ठप्प भएको छ। अविरल वर्षाका कारण आएको बाढी र पहिरोमा परी एक सय ९२ जनाको मृत्यु भएको छ भने ३० जना बेपत्ता भएका छन्।

13. IMD Weather

मौसम पूर्वानुमान महाशाखाले आज कर्नाटक, गुजरात, अरुणाचल प्रदेश, आसाम र मेघालयका विभिन्न स्थानमा भारी वर्षाको सम्भावना जनाएको छ। साथै तमिलनाडु, मध्य प्रदेश, केरला र लक्षद्वीपमा पनि भारी वर्षा हुनसक्ने जनाइएको छ।

14. Mithun – Dada Saheb Phalke Award

चर्चित चलचित्र अभिनेता मिथुन चक्रवर्तीलाई दादासाहेब फाल्के पुरस्कारबाट सम्मानित गरिने भएको छ। आगामी महिना हुने ७०औँ राष्ट्रिय चलचित्र पुरस्कार समारोहमा उहाँलाई यो पुरस्कार प्रदान गरिने भएको छ। सूचना तथा प्रसारण मन्त्री श्री अश्विनी वैष्णवले मिथुन चक्रवर्तीको उपलब्धिले धेरै पुस्तालाई प्रेरणा दिन्छ भन्नुभयो। पत्रकारहरूसँग कुराकानी गर्दै मिथुन चक्रवर्तीले पुरस्कार घोषणा भएकोमा खुसी व्यक्त गर्नुभयो र यो पुरस्कार आफ्नो परिवार र प्रशंसकहरूलाई समर्पित गर्दछु भन्नुभयो।

15. Badminton – Raksha Kandasami

भारतकी युवा ब्याडमिन्टन खेलाडी 16 वर्षीय रक्षा कांदासामीले क्रोएसिया इन्टरनेशनल र बेल्जियम जुनियर प्रतियोगिताको उपाधि जितेर आफ्नो उत्कृष्ट प्रदर्शन जारी राखेकी छिन्। आइतबार भएको क्रोएसिया इन्टरनेशनलको फाइनलमा उनले इङ्ल्यान्डकी लियोना लीलाई अनि सेमिफाइनलमा बुल्गेरियाकी स्टेफानी स्टुभालाई पराजित गरेकी हुन्। क्वाटरफाइनलमा पोल्याण्डकी जोआना रुड्नालाई हराएकी थिइन्।

16. Junior Women's Hockey

१४औँ जुनियर महिला हक्की राष्ट्रिय च्याम्पियनसिप आजदेखि राँचीमा सुरु हुँदैछ। यसमा २६ टोलीले खेल्नेछन्।

प्रमुख समाचार पुन: एकपटक

1. राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुद्वारा नयाँ दिल्लीस्थित अटल बिहारी वाजपेयी इन्स्टिच्युट अफ मेडिकल साइन्सेस र डा राम मनोहर लोहिया अस्पतालको १०औँ दीक्षान्त समारोहलाई सम्बोधन
2. जमैकाका प्रधानमन्त्री श्री एन्ड्र्यू होलनेस भारतको चार दिने भ्रमणका क्रममा नयाँ दिल्लीमा
3. जम्मू कश्मीर विधानसभा चुनावको तेस्रो र अन्तिम चरणको मतदानका लागि सबै तयारी पूरा
4. अनि चर्चित चलचित्र अभिनेता मिथुन चक्रवर्तीलाई दादासाहेब फाल्के पुरस्कारबाट सम्मानित गरिने